**लिसंखु पाखर गाँउपालिका**
**<u>स्थानीय तहको आर्थिक ऐन २०७५</u>**

लिसंखु पाखर गाँउपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** लिसंखु पाखर गाउँपालिकाको आर्थिक बर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संबिधानको धारा २८८ को उपधारा (२) बमोजिम लिसंखु पाखर गाउँ सभाले यो ऐन बनाएको छ।

**<u>१) संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "आर्थिक ऐन २०७५" रहेको छ।
(२) यो ऐन २०७५ साल साउन १ गते देखि लिसंखु पाखर गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

**<u>२) सम्पति करः</u>** गाउँपालिका क्षेत्र भित्रको सम्पत्ति करका मुल्यांकन न्युनतम रु ३००००० (तिन लाख) रुपैयाँ देखि माथीको सम्पत्ति वाला आफैले स्व मुल्यांकन गरे बमोजिम हुनेछ।
गाउँपालिका क्षेत्र भित्रको सम्पत्ति करका मुल्यांकनको आधारमा अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

**<u>३) भूमि कर (मालपोत)ः</u>** गाउँपालिका क्षेत्र भित्रको भुमि करका मुल्यांकन आधार तपशिल बमोजिम रहनेछ।
(क) लामो साँघु जिरी सडक खण्ड जोडिएको रु १०००००० दश लाख प्रति रोपनी
(ख) २१ किलो सुकुटे सडक खण्ड जोडिएको रु ६००००० छ लाख प्रति रोपनी
(ग) मुडे निगाले सडक खण्ड जोडिएको रु ६००००० छ लाख प्रति रोपनी
(घ) अन्य ग्रामिण सहायक सडक खण्ड जोडिएको रु २००००० दुई लाख प्रति रोपनी
(ङ) गोरेटो बाटोसंग जोडिएको रु १००००० एक लाख प्रति रोपनी
अन्य जग्गाको हकमा अब्बल, दोयम, सीम र चाहारको बर्गिकरण अनुसार हाललाई मालपोत कार्यालयले तोकेको प्रति रोपनी मुल्यांकन बमोजिम हुनेछ।
गाउँपालिका क्षेत्र भित्र भुमि करका मुल्यांकन आधार अनुसूचि (२) बमोजिम भुमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ।
**<u>४) वहाल करः</u>** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गाडी, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम वहाल कर लगाइने र असूल गरिनेछ।

**<u>५) व्यबसाय करः</u>** गाउँपालिका क्षेत्र भित्र व्यपार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यबसाय कर लगाइने र असूल उपर गरिनेछ।

**<u>६) जटिबुटी, कवाडी र जीवजन्तु करः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जटिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेधित गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,

सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यबसायिक कारोबार गरेबापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७) सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८) विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९) मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यबसाय सेवामा अनुसूचि (८) बमोजिम व्यबसाय कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०) बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यबस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११) पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२) ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र न्याफ्टिङ शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र न्याफ्टिङ सेवा संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३) सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यबस्थापन गरेका अनुसूचि (१२) मा उल्लेखित स्थानिय पुर्वधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोहि अनुसूचिमा व्यबस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३) पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५) कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनैपनि किसिमको कर छुट दिईने छैन ।

**१६) कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि र्कायविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि–१
## दफा २ संग सम्बन्धित
सम्पत्ती कर

| सि. नं. | विवरण | करका दर (प्रतिशत) |
|---|---|---|
| १ | ३ लाख सम्मको लागि | ०.०३ |
| २ | २० लाख सम्मको लागि | ०.०५ |
| ३ | ४० लाख सम्म र सो भन्दा माथी | ०.०७ |

## अनुसूचि–२
## दफा ३ संग सम्बन्धित
भुमि (मालपोत) कर

| सि. नं. | विवरण | करका दर (प्रतिशत) |
|---|---|---|
| १ | ५ लाख सम्मको लागि | ०.०३ |
| २ | २० लाख सम्मको लागि | ०.०५ |
| ३ | ४० लाख सम्म र सो भन्दा माथी | ०.०७ |

## अनुसूचि–३
## दफा ४ संग सम्बन्धित
बहाल कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | बहाल कर (बहाल तिरेको बेला) | १० प्रतिशत |

## अनुसूचि–४
## दफा ५ संग सम्बन्धित
व्यवसाय कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | ईलेक्ट्रीकल तथा अन्य पसल | ५०० |
| २ | छापाखाना | १००० |
| ३ | सञ्चार सम्बन्धी व्यबसाय | १००० |
| ४ | व्यूटी पार्लर  सैलुन | ५०० |
| ५ | फोटो स्टुडियो | ५०० |
| ६ | हार्डवयर पसल | १५०० |
| ७ | किचेन सामाग्री बिक्रेता (भाडाँकुडा) | ५०० |
| ८ | फर्निचर बिक्रेता | ५०० |
| ९ | काष्ठ उद्योग | १००० |
| १० | कुटानी, पिसानी , पेलानी मिल | ५०० |
| ११ | रेडिमेड कपडा पसल | ५०० |
| १२ | स्टेशनरी पसल (मसलन्द) | ५०० |
| १३ | जुत्ता चपल पसल | ५०० |
| १४ | किराना पसल | ५०० |
| १५ | माछा मासु पसल | ५०० |

| | | |
|---|---|---|
| १६ | मोटरसाईकल वर्कसप | ५०० |
| १७ | पोल्ट्री फर्म | १००० |
| १८ | टेलरीङ्ग | ५०० |
| १९ | औषधि पसल | ५०० |
| २० | सिङ्गार/ चुरा पसल | ३०० |
| २१ | पेट्रोल पम्प | १००० |
| २२ | बैंक | १००० |
| २३ | अन्य व्यबसाय | ५०० |

## अनुसूचि–५

### दफा ६ संग सम्बन्धित

जटिबुटी, कवाडी र जीवजन्तु कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | जटिबुटी निकासी गर्दा प्रति के जी | ५ |
| २ | कोइला निकासी प्रति के जी | १ |
| ३ | कवाडी कर प्रति ट्रक | ५०० |
| ४ | अलैची निकासी प्रति के जी | ५ |

## अनुसूचि–६

### दफा ७ संग सम्बन्धित

सवारी साधन कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | | |

## अनुसूचि–७

### दफा ८ संग सम्बन्धित

विज्ञापन कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | होडिङ बोर्ड प्रति स्क्वायर फिट | ५० |

## अनुसूचि–८

### दफा ९ संग सम्बन्धित

मनोरन्जन कर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | सर्कस आदि मनोरञ्जन प्रति दिन | ५०० |

## अनुसूचि–९

### दफा १० संग सम्बन्धित

बहाल बिटौरी शुल्क

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | | |

## अनुसूचि–१०
## दफा ११ संग सम्बन्धित

पार्किङ शुल्क

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | | |

## अनुसूचि–११
## दफा १२ संग सम्बन्धित

ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र न्याफ्टिङ शुल्क

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | | |

## अनुसूचि–१२
## दफा १३ संग सम्बन्धित

सेवा शुल्क, दस्तुर

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट पिच सडकसंग जोडिएको | ३ |
| २ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट कच्ची सडकसंग जोडिएका | २ |
| ३ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट अन्य | १ |
| ४ | आर.सी.सी. बिनाको घर प्रति घर | १,००० |
| ५ | नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नको प्रतिलिपी दस्तुर रु.१,०००/- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ । | १,००० |
| ६ | नक्सा पास फारम | ५०० |
| ७ | विभिन्न प्रकारका सिफारिस दस्तुर | १०० |
| ८ | छुट जग्गा दर्ता शिफारिस गाउँपालिका क्षेत्रमा निवेदन फाराम र निवेदन दर्ता दस्तुर समेत | ५०० |
| ९ | जग्गा नामसारी सिफारिस | ५०० |
| १० | मोही दर्ता तथा मोही नामसारी सिफारिसः | ५०० |
| ११ | आय श्रोत प्रमाणित प्रतिलाख | १०० |
| १२ | सम्पती मुल्यांकन प्रति लाख | ६० |
| १३ | साना घरेलु उद्योग दर्ता | ५०० |
| १४ | मझौला उद्योग दर्ता | १००० |
| १५ | ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) दर्ता | २००० |
| १६ | अन्य निकायबाट दर्ता हुने उद्योग दर्ताको लागि सिफारिस | १००० |

| | | |
|---|---|---|
| १७ | डिलर लिने सिफारिस | १००० |
| १८ | माथि नखुलेका उद्योग व्यवसायका सिफारिस | १००० |
| १९ | रकम कलम उठाइदिए वापत सयकडा ३% | ३% |
| २० | नागरिकता लिनका लागि सिफारिस | १०० |
| २१ | बाहिरी जिल्ला कर्मचारी परिवार नागरिकता/प्रतिलिपी लिनका लागि सिफारिस | १०० |
| २२ | नागरिकताको प्रतिलिपी लिन सिफारिस | १०० |
| २३ | अंगिकृत नागरिकता सिफारिस | १००० |
| २४ | रुख कटान प्रति क्यु फिट सल्ला | १० |
| २५ | रुख कटान प्रति क्यु फिट अन्य | ५ |
| २६ | प्रतिलिपी प्रमाणित/प्रतिलिपि दस्तुर रु.१०/- प्रतिपाना | १० |
| २७ | चार किल्ला प्रमाणित | ५०० |
| २८ | चार किल्ला प्रमाणित पिच सडक | १००० |
| २९ | घरबाटो प्रमाणित पिच सडक जोडिएको | १००० |
| ३० | घरबाटो प्रमाणित कच्ची सडक जोडिएको | ५०० |
| ३१ | घरबाटो प्रमाणित अन्य | २०० |
| ३२ | घर जग्गा कर रसिदको प्रतिलिपि | १०० |
| ३३ | घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा | ५०० |
| ३४ | DPC चेक जाच गर्न प्राविधिक फिल्ड जानु पर्दा | ५०० |
| ३५ | वादविवाद (मुद्धा) सम्बन्धी निवेदन दर्ता | ५०० |
| ३६ | नक्शापास गर्ने आवेदन पुस्तिका रु.५००/- प्रतिगोटा | ५०० |
| ३७ | नाता प्रमाणित अंग्रेजी | ५०० |
| ३८ | नाता प्रमाणित नेपाली | ३०० |
| ३९ | नाता सम्बन्ध | ५०० |
| ४० | अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारीस | ५०० |
| ४१ | निजी स्तरका विद्यालय स्थापना तथा तहवृद्धी सम्बन्धी सिफारिस | ५००० |
| ४२ | संचार टावर स्वीकृती सिफारिस | ५००० |
| ४३ | अन्य सिफारिस | १०० |
| ४४ | व्यक्तिगत घटनादर्ता विलम्ब दस्तुर रु.५०/- (कम्प्युटरबाट अंग्रेजी र नेपालीमा जारी गरिने प्रमाणपत्रको हकमा थप रु १००।- | १०० |
| ४५ | साना होटेल रेष्टुरा सहित दर्ता सेवा शुल्क | ५०० |
| ४६ | रिसोर्ट, गेष्ट हाउस | १००० |
| ४७ | साना जलपान गृह , खाजाघर दर्ता सेवा शुल्क | ५०० |
| ४८ | तरकारी तथा फलफुल पसल दर्ता सेवा शुल्क | ५०० |
| ४९ | अस्पताल नर्सिङहोम दर्ता सेवा शुल्क | ५००० |
| ५० | गैर सरकारी संस्था दर्ता सेवा शुल्क | १००० |
| ५१ | आलु प्रति के जी | २५ पैसा |
| ५२ | सुन्तला प्रति के जी | २५ पैसा |

**अनुसूचि–१३**

**दफा १४ संग सम्बन्धित**

पर्यटन शुल्क

| सि. नं. | विवरण | करका दर (रु) |
|---|---|---|
| १ | | |